# सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपालको
## विधान-२०६५

**प्रस्तावना :**

देश विकासको आधारशिला निर्माण गर्ने पुनित कार्यमा ईन्जिनियर समुदायको गहन र महत्वपुर्ण भूमिकालाई यर्थाथतामा रुपान्तरण गर्न लोकतान्त्रिक व्यवस्थाको पुनरागमनसंगै नयाँ समृद्ध नेपाल निर्माण गर्न सामाजिक अभियन्ता **(Social Engineer)** को रुपमा कार्य गर्न यस समुदायको काधमा पनि जिम्मेवारी आइपरेको छ । समूहगत रुपमा गरिने सकारात्मक प्रयासहरुले मात्रै यो चाहनालाई मूर्त रुप दिन सकिन्छ भन्ने अभिप्रायले आफ्नो शीप,क्षमता एवं दक्षतालाई सम्वृद्ध नेपाल निर्माणमा प्रयोग गर्ने सामूहिक प्रयासका रुपमा देशमा छरिएर रहेका इन्जिनियरहरुलाई एकताबद्ध एवं एउटै छातामुनि गोलबद्ध गरी लोकतान्त्रिक इन्जिनियरहरुको संस्था रहने गरी "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" नामांकृत गैर सरकारी संस्था,संस्था दर्ता ऐन २०३४ बमोजिम स्थापना र संञ्चालन गर्नका लागि यो विधान तयार गरिएको छ ।

### परिच्छेद-१ (एक)
### प्रारम्भिक

१. **संस्थाको नाम** : यस संस्थाको नाम "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" रहनेछ । यसलाई अंग्रेजीमा **CENTRE FOR DEMOCRATIC ENGINEERS Nepal ( CDEN )** भनिनेछ ।

(क) संस्थाको रजिर्ष्टड कार्यालय रहने ठेगाना : यस "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियरर्स नेपालको" मुख्य कार्यालय जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.११ मा रहनेछ । आवश्यकता अनुसार सम्बन्धीत निकायको स्वीकृति लिई नेपाल भित्रका अन्य स्थानमा पनि शाखा तथा उप-शाखा कार्यालय खोल्न सकिनेछ ।

(ख) प्रारम्भ :यो विधान स्थानिय अधिकारीबाट स्वीकृति प्राप्तभएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा :

(क) "संस्था" भन्नाले "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५"लाई जनाउनेछ ।

(ख) "विधान" भन्नाले यस संस्थाको विधान "सेन्टर फर डेमोक्रेटिक ईन्जिनियर्स नेपाल २०६५" लाई जनाउनेछ ।

(ग) "समिति" भन्नाले यसै विधान बमोजिम गठन हुने कार्यसमिति र संस्थाबाट गठित अन्य उप-समितिहरू समेत लाई जनाउँनेछ ।

(घ) "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४ लाई जनाउँनेछ ।

(ङ) **"नियम विनियम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउनेछ ।

(च) **"पदाधिकारी"** भन्नाले यस संस्थाका पदाधिकारीहरूलाई जनाउँनेछ ।

(छ) **"अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्य"** भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउँनेछ ।

(ज) **"संस्थापक सदस्य"** भन्नाले यस संस्थाको प्रस्तावित विधानको अनुसुचि १मा संलग्न भएका संस्था दर्ता गर्न सहयोग गर्ने व्यक्तिलाई जनाउने छ ।

(झ) **"स्थानिय अधिकारी"** भन्नाले सम्वन्धीत प्रमुख जिल्ला अधिकारीलाई जनाउँनेछ ।

(ञ) **"तोकिएबमोजिम"** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियममा तोकिएबमोजिम हुनेछ ।

(ट) **"सभा"** भन्नाले यस विधानमा तोकिएको प्रकृया अपनाई बोलाईएको विशेष वा साधारण सभालाई जनाउनेछ ।

३. **संस्थाको छाप र चिन्ह** : संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ, संस्थाको छाप र चिन्ह अनुसूची २ बमोजिम हुनेछ ।

४. **संस्था व्यक्ति सरह हुने** : यो संस्था एक कानूनी व्यक्ति सरह अवछिन्नउत्तराधिकारवाला, संगठित, स्वशासित, मुनाफारहित, गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । यसले कसैउपर निवेदन, फिराद, नालिस उजुर गर्न सक्नेछ र यस उपर पनि त्यस्तो उजुरी लाग्न सक्नेछ ।

५. **आवद्धता** : यो संस्थालाई आवश्यकता अनुसार अन्य निकायसमेतमा आवद्ध गर्न सकिनेछ ।

## परिच्छेद-२ (दुई)

## उद्देश्य

६. **संस्थाका उद्देश्यहरू** : यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(क) यो संस्थाको मूख्य उदेश्य देश, विदेशमा छरिएर रहेका सम्पुर्ण इन्जिनियरहरुलाई एउटै छातामुनि गोलवन्द्ध गरी इन्जिनियरिङ्ग पेशा एवं सम-सामयिक विषयहरुसंग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन गरी पेसागत हक हितको संरक्षण,सम्बर्ध्दन गर्ने,गराउने ।

ख) देशको परिवर्तित आर्थिक एवं सामाजिक विकासको निम्ति सामाजिक अभियन्ता ( ~~क्यअष्वी ध्लनष्लभभच)~~ को रुपमा रहि समाजलाई आवश्यक सर-सल्लाह र सुझाव प्रदान गर्ने गराउन योगदान पुऱ्याउने ।

ग) इन्जिनियरिङ्ग पेशासंग सम्बन्धित नेपाल इन्जिनियर्स एशोसिएसन लगायत विभिन्न गैर राजनैतिक एवं सामाजिक संस्थाहरुसंग आवद्ध रहि सामाजिक आर्थिकपुर्वाधार एवं विकाशोन्मुख कार्यहरुमा संस्थाको तर्फबाट प्रतिनिधित्व गरी आवाश्यक सहयोग उपलब्ध गर्ने गराउने ।

७ **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू** : यस संस्थाको उल्लेखित उद्देश्य प्राप्त गर्न देहायका कामहरू गरिने छ ।

(क) संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि गरिनेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने घर जग्गा खरिद गर्ने विक्री गर्ने त्यस्तो घर जग्गा धितो बन्धक राखी ऋण लिने वा भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्युटर टेलिफोन, टाईपराईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम वैंकमा जम्मा गरि बैंक खाता संचालन गर्नेछ ।

## परिच्छेद-३ (तिन)

## सदस्यता सम्बन्धि व्यवस्था

८. **सदस्यको योग्यता**

(क) १६ बर्ष उमेर पुगेको हुनुपर्नेछ ।

(ख) नेपाली नागरिक हुनुपर्नेछ ।

(ग) अन्य संस्थाको रकम हिनामिना नगरेको ।

(घ) नैतिक पतन देखिने अभियोगमा अदालतद्धारा दोषी प्रमाणित नभएको ।

(ङ) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा इन्जिनियरीङ्ग विषयमा स्नातक वा सो भन्दा माथिको डिग्री लिई नेपाल इन्जिनियर्स एशोसिएसनको सदस्य भएका व्यक्ति यस संस्थाको सदस्य हुन योग्य हुनेछ ।

(च) कार्य समितिको सदस्य हुनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरीङ्ग विषयमा स्नातक वा सो भन्दा माथिको डिग्री प्राप्त गरी कम्तीमा ५ वर्षको अनुभव

प्राप्त गरी कम्तीमा २ वर्ष देखी यस संस्थामा अनिवार्य रुपमा आवद्ध भएको हुनु पर्ने छ। तर पहिलो कार्य समिति गठनका लागी २ वर्षको कार्यअवधि भने लागु हुने छैन।

(छ) योग्यता पुगेको व्यक्तिलाई सदस्यता दिने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार समितिमा निहित रहनेछ ।

९. **<u>देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यतामा वहाल रहने छैन।</u>** :

(क) दफा ८ बमोजिम सदस्यता लिन नसक्ने भएमा।

(ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा।

(ग) साधारण सभाबाट २/३ को बहुमतले संस्थाको सदस्यपदबाट हटाउने प्रस्ताव पास गरेमा।

(घ) निजको मृत्यु भएमा।

(ङ) संस्थाको कामकारवाहीमा वेइमानी वा वद्नियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

(च) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा कुनै व्यक्तिलाई संस्थाको सदस्य नियुक्ती हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा माथि संस्थाले निजलाई सो कुरालाई सुचना दिई सफाईको सवुत पेश गर्ने मौका दिनुपर्नेछ।

१०. **<u>सदस्यताको प्रकार</u>** :

(क) **संस्थापक सदस्य** : विधानको अनुसुचीमा संलग्न साधारण सदस्यहरु यस संस्थाका संस्थापक सदस्य मानिने छन्। यस्ता सदस्यहरूले सदस्यता वापत रु.२०००/-( दुई हजार मात्र ) शुल्क भुक्तानी गर्नु पर्ने छ।

(ख) **साधारण सदस्य** : यस विधान बमोजिम संस्थाको सदस्यता लिनका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरीङ्ग विषयमा स्नातक वा सो भन्दा माथिको डिग्री प्राप्त गरी नेपाल इन्जिनियर्स एशोसियसनको सदस्य प्राप्त गरेको व्यक्तिलाई प्रवेश शुल्क वापत रू. ३००/- (तीन सय) रूपैया लिई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सक्नेछ। यस्ता सदस्यले बार्षिक नविकरण दस्तुर रू. २००/- ( दुई सय) तिर्नुपर्नेछ। साधारण सदस्यता प्रत्येक बर्षको आषाढ मसान्तसम्म नविकरण गराई सक्नु पर्नेछ। सदस्यता दिने वा नदिने अधिकार कार्य समितिमा निहित रहनेछ।

११. **<u>संस्थाको सदस्य हुन वा वहाल रहन नसक्ने अवस्था</u>** :

(क) १६ बर्ष उमेर नपुगेको।

(ख) गैर नेपाली नागरिक।

(ग) मृत्यु भएमा वा मानसिक सन्तुलन ठिक नभएमा।

(घ) कुनै सामाजिक संघसंस्थाको रकम हिनामिना गरेमा ।

(ङ) नैतिक पतन देखिने अभियोगमा अदालत द्वारा दोषी प्रमाणित भएमा ।

१२. **सदस्यताको समाप्ति** :

(क) नेपाली नागरिकता परित्याग गरेमा ।

(ख) मानसिक सन्तुलन गुमाएको प्रमाणित भएमा ।

(ग) राजिनामा दिई सदस्यता परित्याग गरेमा ।

(घ) समयमा नै सदस्यता नविकरण नगराएमा ।

(ङ) विधान बमोजिमको योग्यता नरहेमा ।

(च) मृत्यु भएमा ।

(छ) निज उपर लगाइएको अविश्वासको प्रस्ताव पारित भएमा ।

(ज) संस्थाको हित विपरीत काम गरेको प्रमाणित भएमा ।

## परिच्छेद-४ (चार)
## सभा सम्बन्धी व्यवस्था

१३. **सभा सम्बन्धी व्यवस्था** :

(क) साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ ।

(ख) साधारण सभामा साधारण सदस्य र संस्थापक सदस्यहरू मात्र रहने छन् । अन्य आमन्त्रित सदस्यहरूको मताधिकार हुने छैन ।

(ग) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको मितिले ६ (छ) महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्र गरिनेछ ।

(घ) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति र छलफल गर्ने विषय खोली सबै सदस्य महानुभावहरूलाई सूचना दिइनेछ ।

संस्थाका कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरूको प्रतिनिधित्व हुने गरी सदस्य स्वयं उपस्थित नभई साधारण सभा र विशेष सभाको कारवाही हुने छैन । तर गणपूरक संख्या नपुगी सभा हुन नसकेको (७) दिनको सूचना दिई पुनःबोलाइएको सभामा उपस्थिति सदस्यहरुको संख्यालाई गणपुरक संख्या पुगेको मानिनेछ ।

(च) हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६(छ) महिना भित्रमा कार्य समितिले तोकेको मिति, समय र स्थानमा संस्थाको वार्षिक साधारण सभा गरिनेछ ।

(छ) विशेष साधारण सभा गर्नको लागि कार्यसमितिको बहुमतको निर्णयले वा संस्थाका १/३ (एक तिहाई) साधारण सदस्यहरूले कार्य समिति समक्ष लिखित माग गरेमा त्यस्तो निर्णय वा माग भएको मितिले ७ दिन भित्र विशेष साधारण सभा बोलाउनुपर्नेछ, बहुमतको निर्णय मान्य हुनेछ ।

१४. <u>साधारण सभाको काम, कर्तब्य र अधिकार</u> :-

(क) कार्य समितिको निर्वाचन गर्ने ।

(ख) कार्य समितिका पदाधिकारी एवं सदस्यहरू उपर अविश्वासको प्रस्ताव पारित गरी पदमुक्त गर्ने ।

(ग) विधानका अधिनमा रही आवश्यक नियमावली स्वीकृत गर्ने, दरवन्दी सिर्जना गर्ने, पारिश्रमिक निर्धारण गर्ने ।

(घ) लेखापरिक्षकबाट वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरि अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिवेदन देखिएका बेरूजु रकमहरू माथी छलफल गरि नियमित गर्न नमिल्ने बेरूजु रकमहरू असुल गरि फर्छ्योट गर्नको लागी कर्जा समितिलाई निर्देशन दिने ।

(ङ) बार्षिक कार्यक्रम र बजेट पारित गर्ने ।

(च) लेखापरिक्षक नियुक्त गर्ने ।

(छ) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ज) विधान बमोजिमका तोकिएका अन्य कार्य गर्ने ।

(झ) संस्थाको सर्वोच्च अङ्गको रूपमा रही आवश्यक कार्य सम्पादन गर्ने, गराउने ।

१५. <u>कार्यसमितिको गठन विधि</u> :

संस्थाको साधारण सदस्यहरूबाट निर्वाचन प्रकृयाद्धारा निर्वाचित ~~१५ (पन्ध्र)~~ ११ (एघार) जना सदस्यहरु मध्येबाट निम्न पदाधिकारीहरुको चयन गरी १ (एक) कार्य समितिको गठन गरिनेछ । उक्त कार्य समितिको कार्यकाल २ ( दुई) वर्षको हुनेछ । कुनै मनासिव कारण भई निर्वाचन हुन नसकेमा कार्य समितिको निर्णयले ६ (छ) महिना सम्मकोलागी कार्यकाल थप गर्न सकिनेछ । संस्था दर्ता भई विधिवत रूपमा प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागी संस्था दर्ता गर्ने तदर्थ समितिलाई नै यस विधान अनुसार गठित कार्यसमितिले अधिकार प्राप्त हुनेछ ।

(क) अध्यक्ष - १ (एक)

ख) उपाध्यक्ष - १ (एक)

(ग) **महासचिव** -१ (एक)

(घ) **उपमहासचिव** - १ (एक)

(ङ) **कोषाध्यक्ष** - १ (एक)

(च) सदस्यहरू - ६ (छ)

**जम्मा** - ११ (एघार)

कार्य समितिका पदाधिकारी एवं सदस्यहरूको पद कुनै कारणवस रिक्त हुन आएमा पुनः निर्वाचन नहुञ्जेल सम्म बाँकी अवधिको लागि योग्यता पुगेका संस्थाका सदस्यहरू मध्येबाट कार्यसमितिले मनोनयन गर्नेछ।

१६. **कार्यसमितिको काम कर्तब्य र अधिकार** :

(क) यस विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने।

(ख) संस्थाको बार्षिक कार्यक्रम र बजेट साधारण सभामा प्रस्तुत गर्ने।

(ग) संस्थाको हित हुने कार्यमा कार्यक्रम सञ्चालन गर्ने।

(घ) संस्थाको उद्देश्य प्राप्तिमा उपलब्ध साधन र स्रोतको अधिकतम उपयोग गर्ने।

(ङ) साधारण सभा प्रति उत्तरदायी हुने।

(च) आफ्नो कार्यअवधिभरका लागि उपयुक्त व्यक्तिको सल्लाहाकार समिति वा अन्य समिति, उपसमितिको गठन गर्ने र आवश्यकता अनुरूप कामको बाँडफाँड गर्ने।

(छ) संस्थाको क्रियाकलाप सम्पादन गर्ने कार्ययोजना वनाउने, स्रोत जुटाउने, कार्यान्वयन गर्ने, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने,गराउने।

(ज) संस्थाको सम्पत्तिको सुरक्षा र आम्दानी खर्चको व्यवस्थापन गर्ने,गराउने।

(झ) संस्थाको निम्ति आवश्यक नियम विनियमहरूँ बनाउने र कार्यान्वयन गर्ने,गराउने।

(ञ) संस्थाको नेतृत्वदायी भूमिकाको निर्वाह गर्ने।

(ट) संस्थाको तर्फबाट प्रतितिनधित्व गर्ने वा प्रतिनिधि तोक्ने।

१७ **कार्यसमितिको वैठक** :

(क) कार्यसमितिको वैठक कम्तिमा ३ महिनाको एक पटक नघट्ने गरी अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ।

(ख) कार्यसमितिका बहुमत सदस्यहरूले लिखित माग गरेमा त्यस्तो माग गरेको मितिले ७ दिन भित्र अध्यक्षले जुनसुकै समयमा पनि वैठक वोलाउनु पर्नेछ।

(ग) कार्य समितिको वैठकमा सदस्य स्वंयम उपस्थित हुनुपर्ने छ।

(घ) कार्य समितिको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ र बहुमतको निर्णय मान्य हुनेछ।

(ङ) कार्य समितिको वैठक अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्येबाट तोकीएका व्यक्तिले वैठकको अध्यक्षता गर्नेछ।

(च) कार्य समितिको वैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(छ) कार्य समितिको वैठकमा छलफल भएमा विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (अलमतभ) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूले सही गर्नु पर्नेछ।

(ज) संस्थाले गर्ने भनिएको सम्पुर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ।

१८. <u>सल्लाहकार समितिको गठन</u> :

(क) यस संस्थाका संस्थापक सदस्यहरु मध्ये र संस्थामा अध्यक्ष भई कार्यकाल निवृत्त भएका व्यक्तिहरु मध्येबाट मात्र कार्य समितिको निर्णयले बढीमा ११ जना सदस्य रहेको एक सल्लाहकार समिति गठन गर्न सकिने छ।

(ख) विधानको परिधिभित्र रही कार्यसमितिले आवश्यकतानुसार अन्य समिति, उपसमितिको पनि गठन गर्न सक्नेछ।

(ग) यस विधानको परिधिभित्र रही कार्य समितिले इन्जिनियरीङ्ग क्षेत्रमा उल्लेखनिय कार्य गरेका विभिन्न व्यक्तित्वहरू मनोनयन गरी कार्य समितिले आवश्यकतानुसारका समिति एवं उपसमिति गठन गर्न सक्नेछ।

## परिच्छेद-५ (पाँच)

## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१९. <u>पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार</u>

(१) <u>अध्यक्ष</u>

(क) समिति र सभाको वैठकको अध्यक्षता गर्ने र वैठक सञ्चालन गर्ने।

(ख) निर्णायक मत दिने।

(ग) संस्थाको नेतृत्व गर्ने ।

(घ) आवश्यकतानुसार वैठकहरू वोलाउन महासचिवलाई निर्देशन दिने ।

(ङ) अन्य पदाधिकारी एवं सदस्यहरूलाई कामको बाँडफाँड गर्ने ।

(च) अभिलेख प्रमाणित गर्ने ।

(छ) यस विधान अनुसार अध्यक्षले गर्नु पर्ने कामहरू गर्ने ।

(२) उपाध्यक्ष:

(क) अध्यक्षको अनुपस्थितिमा समिति र सभाको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने ।

(ख) यस विधान अनुसार कार्यसमिति र अध्यक्षले तोकेकोअन्य जीम्मेवारी पुरागर्ने ।

(३) <u>महासचिव</u> :

(क) संस्थाको दैनिक प्रसासनिक कार्यको निरिक्षण,नियन्त्रण,सुपरिवेक्षण गरी प्रशासन सञ्चालन गर्ने गराउने ।

(ख) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने,गराउने ।

(ग) संस्थाका सभा र कार्यसमितिको बैठकबाट पारित निर्णयहरू एवं सम्बन्धीत व्यक्ति वा निकायहरूबाट निर्देशित कुराहरू कार्यन्वयन गर्ने गराउने ।

(घ) यस संस्थासँग सम्बन्धित कुनै निकायमा पेश गर्नुपर्ने निर्णयहरू सूचना, कागजात आदि यथाशक्य समयमा पेश गर्ने गराउने ।

(ङ) संस्थामा पर्न आएका निवेदनहरू आवश्यक निर्णयार्थ कार्यसमिति एवं सभाहरूमा पेश गर्ने,गराउने ।

(च) संस्थाबाट गरिने सभा एवं बैठकहरूको अभिलेख राख्ने ।

(छ) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्तीका लागि आवश्यक सुझाव सहित सिफारिस गरी कार्य समिति समक्ष पेश गर्ने, गराउने ।

(ज) अध्यक्षको निर्देशनको पालना गर्नु गराउनु महासचिवको कर्तव्य हुनेछ ।

(झ) संस्थामा भएका मासिक गतिविधिहरू कार्य समितिको बैठकमा पेश गर्ने ।

(ञ) संस्थाले वार्षिक रूपमा गर्ने कार्यक्रमहरूको सूचि तयार गरी कार्य समिति समक्ष पेश गर्ने ।

(ठ) यस विधान अनुसार सदस्यसचिवले तोके अनुसारका कार्यहरू गर्ने,गराउने ।

४. **उपमहासचिव** :

(क) महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्य गर्ने ।

(ख) यस विधान अनुसार कार्यसमिति र अध्यक्षले तोकेकोअन्य जीम्मेवारी पुरागर्ने ।

५. **कोषाध्यक्ष** :

(क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरूस्त राख्ने ।

(घ) नियमितरूपमा बार्षिक लेखा परिक्षण गराउने ।

(३) **सदस्य** :

(क) समितिको वैठकमा सक्रिय सहभागिता जनाउने ।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(५) **राजिनामा दिई पद त्याग गर्न सक्ने** : यस विधान अनुसार यस संस्थाका अध्यक्षले कार्य समिति मार्फत अन्य पदाधिकारी, सदस्य एवं महासचिवले अध्यक्ष मार्फत दिएको राजिनामा कार्यसमितिले स्वीकृति गर्न सक्नेछ ।

२०. **गणपूरक संख्या** : कुल संख्याको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरू उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा १३(ङ)मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा उपस्थित संख्या नै गणपुरक संख्या मानिने छ ।

## परिच्छेद-६ (छ)
## आर्थिक व्यवस्था

२१. **कोष** : संस्थाको सम्पूर्ण चलअचल सम्पत्ति रहेको एउटा कोष हुनेछ, जसको लेखा प्रचलित कानूनको ढाँचामा अद्यावधिक गरी राखिनेछ ।

२२. **आर्थिक स्रोत** : संस्थाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ ।

(क) सदस्यता प्रवेश शुल्क तथा नवीकरण शुल्क ।

(ख) विभिन्न व्यक्ति, संघसंस्था, सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त दान, उपहार, सहयोग आदि ।

(ग) वैदेशिक सहयोग वा अनुदान लिदा नेपाल सरकारको पूर्व स्वीकृति लिइनेछ ।

२३. **बैंकको खाता सञ्चालन** : संस्थाको नामबाट संस्थाको अध्यक्ष, सदस्य-सचिव र कोषाध्याक्ष समेत ३ जनाको दस्ताखतबाट बैंक खाता सञ्चालन गर्ने र अध्यक्ष वा सदस्य-सचिवमध्ये कुनै एक जना र कोषाध्यक्ष एक जनाको अनिवार्य गरी दुईजनाको संयुक्त दस्तखतबाट आर्थिक कारोबार सञ्चालन गर्ने गरि आवश्यकतानुसार विभिन्न बैंक तथा बित्तिय संस्थाहरूमा खाता सञ्चालन गरिनेछ ।

२४. **कोषको रकम खर्च गर्ने तरिका** : संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरीका अपनाई खर्च गरीनेछ ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिनेछैन ।

(ख) साधारण सभाबाट पारीत बजेट र कार्याक्रमको अधिनमा रहि कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्य रूपमा पेश गरिनेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

२५. **लेखापरीक्षण** : हरेक आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र नेपाल सरकारद्वारा मान्यता प्राप्त लेखापरिक्षकद्वारा संस्थाको लेखापरीक्षण गराई सोको प्रतिवेदन स्थानीय अधिकारी एवं अन्य सम्बन्धित निकायमा पठाईनेछ ।

## परिच्छेद-७ (सात)
## निर्वाचन सम्बन्धी व्यवस्था

२६. **निर्वाचन सम्बन्धी व्यवस्था** :

(क) यस संस्थाको विधान अनुसार कार्य समितिको गठन गर्नका लागि वहालवाला कार्य समितिको पदावधि समाप्त हुनु कम्तिमा एक महिना अगावै कार्य समितिले निर्वाचन समिति गठन गर्नु गर्नेछ । सो निर्वाचन समितिले नयाँ कार्य समितिको गठनको लागि निर्वाचन प्रकृयाबाट कार्य समितिको गठन गरिनेछ । निर्वाचन समितिका सदस्यले कार्य समितिको पदाधिकारीमा उम्मेदवार हुन पाउने छैन ।

(ख) यो संस्था स्वीकृत भएको ६ महिना भित्रमा निर्वाचन गराई सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

(ग) निर्वाचन समितिले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

(घ) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ ।

(ङ) निर्वाचन सम्पन्न भएपछि यो समिति स्वत: विघटन हुनेछ ।

## परिच्छेद-८(आठ)
## विविध

२७. **अविश्वासको प्रस्ताव :**

संस्थाको कुनै पदाधिकारी वा सदस्य उपर कारणसहित संस्थाका सम्पूर्ण सदस्य संख्याको $^1/_4$ (एक चौथाई) सदस्यहरूको लिखित रूपमा अविश्वासको प्रस्ताव साधारण सभामा पेश हुन सक्नेछ । यसरी प्रस्तुत भएको अविश्वासको प्रस्तावलाई यस विधान बमोजिम तोकिएको सभाको $^2/_3$ दुई तिहाइ बहुमतको निर्णयले पारित गर्नेछ । सम्बन्धित पदाधिकारी, वा सदस्यलाई अविश्वास प्रस्ताव सम्बन्धमा लिखित जानकारी गराई सफाई पेश गर्न ७ (सात)दिनको समय दिईनेछ । सभाको कूल सदस्य संख्याको $^2/_3$ (दुई तिहाई) बहुमतबाट पारित भएमा सो व्यक्ति पदमुक्त हुनेछ । निर्वाचित भएको वा अविश्वासको प्रस्ताव विफल भएको ६ (छ) महिना नपुगी पुन: त्यसै विषयमा सोहि व्यक्तिउपर अर्को अविश्वासको प्रस्ताव ल्याईने छैन । पदमुक्त भएमा पुन: निर्वाचन गरि बाँकी अवधिको लागि पदपूर्ति गरिनेछ ।

२८. **संस्थाको खारेजी :**

(क) साधारण सदस्यले विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ ।

(ख) उपनियम (क) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा वढी लिक्विडेटरहरू र संस्थाको हिसाव किताव जाँच गर्नका लागि एक वा एक भन्दा वढी लेखा परिक्षकहरू नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखा परिक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकि दिए बमोजिम हुनेछ ।

(ग) उपनियम (ख) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखा परिक्षकले संस्था खारेजी सम्बन्धि काम कारवाही गर्नेछन् ।

२९. **विधान संशोधन :**

संस्था दर्ता ऐन, २०३४ वा प्रचलित कानून बमोजिम यो विधानको कुनै दफा वा उपदफा संशोधन गर्नुपरेमा त्यस्तो संशोधन प्रस्ताव कार्यसमितिको कुनै पदाधिकारी सदस्य वा साधारणसभा सदस्यले कार्यसमिति समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्तावमा कार्यसमितिले समर्थन जनाएमा साधारणसभा समक्ष पेश गरिनेछ । साधारणसभाको कूल सदस्य संख्याको बहुमतबाट विधान संशोधन प्रस्ताव पारित भएको त्यस्तो संशोधन विधान स्थानीय अधिकारीको स्वीकृति लिएर लागू हुनेछ ।

३०. **नियम बनाउने :**

यो विधानको अधिनमा रहि साधारणसभाले आवश्यक नियम विनियमहरू बनाउन सक्नेछ र यस्तो नियम स्थानीय अधिकारीको स्वीकृतिपश्चात् लागू हुनेछ ।

३१. **निस्क्रियता तथा कानुन बमोजिम हुने :**

(क) **निष्क्रिय हुने :** यो विधानको कुनै पनि दफा उपदफामा लेखिएको कुनै कुराहरू प्रचलित नेपाल कानूनसँग बाझिन गएमा बाझिन गएकोहदसम्म स्वतः खारेज हुनेछ ।

(ख) **प्रचलित कानुन बमोजिम हुने :** यो विधानमा भएको व्यवस्था संस्था दर्ता ऐन २०३४ र प्रचलित नेपाल कानूनको अधिनस्थ हुनेछ । यस संस्थाले नेपाल सरकारको नीति निर्देशनको परिधिभित्र रही कार्यसम्पादन गर्नेछ ।

३२. **व्याख्या :** यो विधानको व्याख्या गर्ने अन्तिम अधिकार कार्यसमितिलाई हुनेछ ।

३३. **गोप्यता भङ्ग गर्न नहुने :** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यहरूले संस्थाको अहित हुने कार्य गर्न हुँदैन र संस्थाको गोप्यता भङ्ग गर्न हुँदैन । कार्यसमितिका पदाधिकारी वा सदस्य तथा साधारसभाका सदस्यहरूले बैठक वा सभामा असभ्य र अश्लील शब्दको प्रयोग गर्नु हुँदैन ।

३४. **निर्देशनको पालना :** स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको प्रमुख कर्तब्य हुनेछ ।

३५. **विघटन :** संस्था सञ्चालन हुन नसकी वा अरू कुनै कारणबश विघटन गर्नुपरेमा साधारणसभाले निर्णय गर्न सक्नेछ । यसरी कारणबश संस्था विघटन भएमा संस्थाको दायित्व फरफार गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

३६. **तदर्थ समिति :** यो संस्थाको विधान तयार गरी दर्ता गराउनको लागि गठित निम्न सदस्यहरु रहनुभएको तदर्थ समितिले संस्था दर्ता गरी ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य सम्पन्न गर्नुपर्नेछ । सो अवधिमा यस तदर्थ समितिले गरेको कार्यहरू यसै विधान अनुसार भएको मानिनेछ ।

| क्र.सं. | नाम थर | पद | हालको ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | सरोज कुमार देवकोटा | संयोजक | बाँसबारी – ३ का.म.न.पा. | इलेक्ट्रोनिक इन्जिनियर | |
| २. | हरिओम प्र. श्रीवास्तब | सदस्य | का.म.न.पा.–१० नयाँबानेश्वर | सिभिल इन्जिनियर | |
| ३. | धुबराज थापा | सदस्य | का.म.न.पा.–६ चाबहिल | सिभिल इन्जिनियर | |
| ४. | हरि प्रसाद रिजाल | सदस्य | जयबागेश्वरी काठमाडौं – ८ | सिभिल इन्जिनियर | |
| ५. | धुब उप्रेती | सदस्य | ला.पु.-१६, ललितपुर | सिभिल इन्जिनियर | |
| ६. | सुवाष  चन्द्र शाह | सदस्य | जनकपुर वडा नं १४ (मुजेलिया) | इलेक्ट्रोनिक इन्जिनियर | |
| ७. | चेत नाथ पाण्डे | सदस्य | [illegible] | सिभिल इन्जिनियर | |
| ८. | सन्तोष लामा | सदस्य | बालुवाटार काठमाडौं | सिभिल इन्जिनियर | |
| ९. | मुकेशराज काफ्ले | ~~महासचिव~~ सदस्य | का.म.न.पा.-३ महाराजगंज | सिभिल इन्जिनियर | |

अनुसूचि-१
संस्थापक सदस्यहरुको नामावली

| क.सं. | नाम | ठेगाना | |
|---|---|---|---|
| १ | इश्वरराज वन्त | | |
| २ | चेतप्रसाद भट्टराई | | |
| ३ | भोजराज रेग्मी | | |
| ४ | युवराज शर्मा | | |
| ५ | जीवराज पोखरेल | | |
| ६ | सरोज देवकोटा | | |
| ७ | किशोर शाक्य | | |
| ८ | जगदिशचन्द्र पोखरेल | | |
| ९ | रामेश्वर प्रसाद कलवार | | |
| १० | रामेश्वर यादव | | |
| ११ | सुभाष चन्द्र साह | | |
| १२ | सन्तोष लामा | | |
| १३ | छवि गैह्रे | | |
| १४ | दीपेन्द्र बहादुर बम | | |
| १५ | अरुण रजौरिया | | |
| १६ | ऋषिराज दाहाल | | |
| १७ | मुन्नीलाल यादव | | |
| १८ | मुकेशराज काफ्ले | | |
| १९ | महेश्वर नरसिंह के.सी. | | |
| २० | वासु देव पोखेल | | |
| २१ | वीरेन्द्र कुमार यादव | | |
| २२ | प्रदिपचन्द्र पोखरेल | | |
| २३ | पुण्य सागर मरहट्टा | | |
| २४ | दिपक बाबु कंडेल | | |
| २५ | दिलिप कुमार झा | | |
| २६ | मिनराज ज्ञवाली | | |
| २७ | विश्व भक्त खरेल | | |
| २८ | त्रिवेन्द्रराज पन्त | | |
| २९ | किरण मल्ल | | |
| ३० | गिरीजा प्रसाद गोर्खाली | | |
| ३१ | हिरेन्द्रमान प्रधान | | |
| ३२ | शिवप्रसाद कोइराला | | |
| ३३ | लक्ष्मण के.सी. | | |
| ३४ | चेतनाथ पाण्डे | | |
| ३५ | कृष्णदेव यादव | | |
| ३६ | के.एस. सापकोटा | | |

| | | | |
|---|---|---|---|
| ३७ | कमलराज अधिकारी | | |
| ३८ | कन्हैया लाल गुप्ता | | |
| ३९ | गोपाल बहादुर खड्का | | |
| ४० | गोविन्द तिवारी | | |
| ४१ | ध्रुब राज थापा | | |
| ४२ | धर्मनारायण साह | | |
| ४३ | हरेराम श्रेष्ठ | | |
| ४४ | हरि बहादुर दर्लामी | | |
| ४५ | हरिओम श्रीवास्तव | | |
| ४६ | शम्भु के.सी. | | |
| ४७ | शालिग्राम सिंह | | |
| ४८ | शशी राज श्रेष्ठ | | |